**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक २ गते आइतबार ❑ 19 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।–


## राजनीतिक दलसँग संवाद नगरी निर्वाचनको वातावरण बन्दैन: अध्यक्ष ओली

**रासस**
काठमाडौं, १ कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक दलसँग संवाद नगरी निर्वाचनको वातावरण बन्न नसक्ने बताउनुभएको छ।

पार्टी केन्द्रीय कार्यालय, च्यासलमा शनिबार आयोजित सम्पर्क समन्वय कमिटीको भेटघाट तथा चियापान कार्यक्रममा उहाँले प्रहरीका एक हजार २०० हतियार र एक लाखभन्दा बढी गोली लुटिएर बाहिर रहेको तथा साढे पाँच हजार कैदी फरार रहेका अवस्थामा निर्वाचनमा जान कठिन हुने बताउनुभएको हो।



"जेनजी भाइबहिनीले भ्रष्टाचारको अन्त्य र सुशासनका लागि राखेका माग जायज छन्, तर त्यसका नाममा हिंसा मच्चाउने तत्वले गरेका अराजक क्रियाकलापको हामी समर्थन गर्न सक्दैनौँ। समाजमा त्रासको वातावरण राखेर सरकार चलाउन वा निर्वाचन गराउनुहुँदैन। हामी लोकतान्त्रिक प्रणालीमा छौँ। हाम्रो सुरक्षा र स्वतन्त्रताको रक्षा राज्यले गर्नुपर्छ।

नागरिकले आफ्नो सुरक्षा आफैँ गर्नुपर्ने अवस्था आउनुहुँदैन", अध्यक्ष ओलीले भन्नुभयो, "हामी कुनै हतियार र कमजोर शक्ति होइनौँ। लोकतन्त्रका लागि लडेर आएका दल हौँ। लोकतन्त्र र शान्ति सुव्यवस्थाको पुनःस्थापना गर्न लाग्नेछौँ। त्यसका लागि एमाले सक्रिय रहनेछ।" उहाँले विघटित प्रतिनिधिसभाको पुनःस्थापना आफ्नो पार्टीको अडान भएको जनाउँदै पार्टीको नीतिमा स्पष्ट र ढुक्क भएर अघि बढ्न कार्यकर्तालाई आग्रह गर्नुभयो।

गत भदौ २३ र २४ गतेको प्रदर्शनपछि अध्यक्ष ओली पहिलो पटक पार्टी केन्द्रीय कार्यालयमा पुग्नुभएको हो। आन्दोलनका क्रममा कार्यालय ध्वस्त भएको छ।

## स्वास्थ्यमन्त्री पाठक सुटुक्क फार्मेसीमा पुगेपछि...

**पोखरापत्र संवाददाता**
बागलुङ, १ कार्तिक

बागलुङको धौलागिरि प्रादेशिक अस्पतालमा बिरामीले औषधि नपाएको गुनासोपछि गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठक शनिबार फार्मेसीमा पुग्नुभयो।

बिहीबार अस्पताल फार्मेसीमा पुगेका स्वास्थ्य बिमामा आबद्ध अधिकांश बिरामीले नियमित रूपमा सेवन गर्ने थाइराइड, उच्च रक्तचाप, सुगर र मुटुलगायतका बिरामीले औषधि नपाएको गुनासो समाचारसमेत सार्वजनिक भएको थियो। उहाँ आज पोखराबाट अस्पताल प्रशासनलाई थाहै नदिइ अनुगमनमा आउनुभएको हो। सुटुक्क फार्मेसीमा पुग्नुभएका पाठकलाई फार्मेसीका कर्मचारीले सुरुमा चिन्न सकेनन्। मन्त्री पाठकले प्रदेश सरकारले औषधि खरिदका लागि पैसा पठाइसकेकाले किन औषधि खरिद नगरेको भन्दै प्रमुख मेडिकल सुपरिटेन्डेन्ट र फामेर्सी इन्चार्जलाई प्रश्न गर्नुभयो। अस्पतालका स्वास्थ्यकर्मी र फार्मेसीको बाहिर आफ्नो निजी पसल भएकाले अस्पतालमा औषधि अभाव बनाइराख्ने गरेको बिरामीको



गुनासोपछि मन्त्री पाठकले निजी फार्मेसी र प्रायोगशाला रोज्ने कि अस्पताल रोज्ने भन्दै स्वास्थ्यकर्मीलाई प्रश्न गर्नुभएको थियो। उहाँसँगै बिरामीले प्रयोगशाला र फार्मेसीमा काम गर्ने अधिकांश कर्मचारीको अस्पताल बाहिर आफ्नै फार्मेसी र प्रयोगशाला रहेकाले मिलेमतोमा समस्या सिर्जना गरिएको गुनासो गरे।

स्वास्थ्यमन्त्री पाठकले अस्पतालमा काम गरेर बाहिर प्रयोगशाला र फार्मेसी चलाउनेलाई कारबाही गर्ने भन्दै तुरुन्तै औषधिको आपूर्ति व्यवस्था मिलाउन अस्पताललाई निर्देशन दिनुभयो। पाठकले स्वास्थ्य मन्त्रालयले तत्कालै दोहोरो फाइदा लिने कर्मचारीलाई अस्पताल वा निजी फार्मेसी रोज्न निर्देशन दिनुभएको छ।

"अस्पतालमा जागिर गर्ने तर निजी स्वार्थका लागि बिरामीलाई औषधि नदिएर बाहिर पठाउने कुरा गलत छ। प्रदेशले औषधि खरिदका लागि पठाएको रकमले छिटो औषधि खरिद गरौँ। मन्त्रालयले दुईतिर काम गर्ने कर्मचारीलाई कारबाही गर्न तत्कालै परिपत्र पठाउछ", मन्त्री पाठकले अनुगमनपश्चात् रासससँग भन्नुभयो। अस्पतालले समयमै औषधि नल्याउँदा बिरामी महँगो मूल्यमा औषधि खरिद गर्न बाध्य भएका छन्।

## जेनजी पुस्ता क्रान्तिकारी आन्दोलनका उत्तराधिकारी हुन्: दाहाल

**रासस**
काठमाडौं, १ कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को महाधिवेशन आयोजक समितिका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी फागुन २१ गतेको निर्वाचन सफल पार्न सबै पक्षको ऐक्यबद्धता आवश्यक रहेको बताउनुभएको छ।

दीपावली, नेपाल संवत् र छठ पर्वका अवसरमा अखिल नेपाल ट्रेड युनियन महासङ्घ (अन्टुफ)ले आज पार्टी मुख्यालय पेरिसडाँडामा आयोजना गरेको चियापान तथा शुभकामना आदाप्रदान कार्यक्रममा उहाँले अहिलेको राजनीतिक समस्या समाधान गर्न सबै राष्ट्रवादी, लोकतान्त्रिक र क्रान्तिकारी शक्ति एकजुट हुनुपर्ने बताउनुभयो।

संयोजक दाहालले भन्नुभयो, "हामी यतिबेला अत्यन्त जटिल परिस्थितिबाट गुज्रिरहेका छौँ। संविधान र लोकतन्त्र जोगाउने अहिलेको सबैभन्दा सहज, समावेशी र राष्ट्रहितको विकल्प भनेकै आगामी फागुन २१ गते तोकिएको निर्वाचन हो। यसलाई सफल पार्न सबै दल, नागरिक समाज, बुद्धिजीवी, पत्रकारलगायत सबै पक्षको ऐक्यबद्धता आवश्यक छ।"


अन्तरिम सरकार तोकिएको मितिमा नै निर्वाचन गर्न गम्भीर रहेको आफूले पाएको जनाउँदै पूर्वप्रधानमन्त्री दाहालले अन्तरराष्ट्रिय समुदायले पनि निर्वाचन सफल बनाउन सकारात्मक भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। जेनजी आन्दोलनको भावना सम्बोधन गर्नेगरी संविधान संशोधन गर्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "निर्वाचनबाट आउने नयाँ संसद्ले संविधान परिमार्जन गर्ने प्रक्रियामा प्रवेश गर्नुपर्छ। जनताको अपेक्षा पूरा गर्न हामी तयार छौँ।" आसन्न निर्वाचन संविधानसम्मत र लोकतान्त्रिक प्रक्रियाको हिस्सा भएको उल्लेख गर्दै संयोजक दाहालले मुलुकमा थप अराजकता सिर्जना हुन नदिन राष्ट्रिय सहमतिका साथ चुनाव सम्पन्न गराउनु अपरिहार्य रहेको बताउनुभयो। समाजवादी मोर्चामा आबद्ध वामशक्तिबीच चाँडै औपचारिक एकता घोषणा हुने जानकारी दिँदै संयोजक दाहालले लोकतन्त्रवादी र राष्ट्रवादी शक्ति पनि एक हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। जेनजी पुस्ता क्रान्तिकारी आन्दोलनको उत्तराधिकारी हो भन्दै उहाँले भन्नुभयो, "भदौ २३ गते भएको आन्दोलनमार्फत युवा पुस्ताले आफ्नो राजनीतिक उपस्थिति प्रमाणित गरिसकेको छ। उनीहरू अरूका होइनन्, क्रान्तिकारीका उत्तराधिकारी हुन्।" माओवादी नेता वर्षमान पुनले जेनजी युवाको चाहना र भावना सम्बोधन गर्नुको कुनै विकल्प नरहेको जनाउँदै जेनजी आन्दोलनपछि आफ्नो पार्टीले सोचविचार र नीति बदलेको बताउनुभयो। उहाँले जेनजी आन्दोलनका क्रममा भएको घुसपैठको निष्पक्ष छानबिन हुनुपर्ने माग गर्नुभयो।

## स्वच्छ र निष्पक्ष रूपमा निर्वाचन हुन्छ भन्ने विश्वास दिलाउन लागौँ: राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, १ कार्तिक

राष्ट्रपति रामचन्द्र पौडेलले भयरहित वातारणमा स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन हुन्छ भन्ने विश्वास दिलाउने वातावरण बनाउन सरकार र सुरक्षा निकायका प्रमुखलाई

बाँकी अन्तिम पृष्ठमा ▶▶



## व्यासगुफा परिसरमा एकमहिने महामिलन पर्व सुरु

**रासस**
दमौली, १ कार्तिक

भगवान वेदव्यासको अवतरणभूमि दमौलीमा विश्व ओमकार हिन्दू महामिलन पर्व एवं श्रीमद्भागवत ज्ञानमहायज्ञ सुरु भएको छ।

वेदानुयायी प्रतिष्ठान नेपाल केन्द्रीय समितिको आयोजनामा व्यासगुफा परिसरमा आजदेखि सुरु भएको महामिलन पर्व कात्तिक महिनाभर सञ्चालन हुनेछ। महामिलन पर्वका अवसरमा आज दमौली बजारमा सांस्कृतिक झाँकी निकालिएको छ।

यस वर्षको महामिलन पर्व दशौँ संस्करण रहेको समितिका अध्यक्ष कृष्णकान्त काफ्लेले जानकारी दिनुभयो। महामिलन पर्वकै अवसरमा कात्तिक ९ गतेदेखि श्रीमद्भागवत ज्ञान महायज्ञ सञ्चालन गरिने उहाँको भनाइ छ। मुलुकमा शान्ति कायम गर्न र लोकको कल्याण होस् भन्ने कामनासहित महायज्ञ सञ्चालन गरिने उहाँको भनाइ छ।

एक महिनासम्म चल्ने महामिलन पर्वमा भने वेदहरूसँग सम्बन्धित विषयमा छलफल गरिनेछ। कात्तिक महिनाभर विद्वानहरूको उपस्थितिमा विविध विषयमा छलफल हुने उहाँले उल्लेख गर्नुभयो। उहाँले महामिलन पर्वमा ओमकार परिवारसँग आबद्ध सबैलाई आमन्त्रण गरिएको जानकारी दिनुभयो। व्यासभूमिको प्रचारप्रसार गर्दै धार्मिक गन्तव्यस्थल बनाउने उद्देश्यसहित हिन्दू महामिलन पर्व आयोजना गरिएको हो। व्यासभूमि दमौलीमा विसं २०७३ जेठ ५ गते स्थापित वेदानुयायी प्रतिष्ठान नेपालले धर्मको संरक्षण र संवर्द्धन गर्ने हेतुले व्यासको साधनाभूमि दमौलीमा दामोदर बाबाको संत्सङ्कल्प र संरक्षकत्वमा १८ महिने अखण्ड हरिनाथ सङ्कीर्तन सम्पन्न गरी प्रत्येक वर्ष कात्तिक महिनामा ओमकार हिन्दू महामिलन पर्व हुँदै आएको छ। महामिलन पर्वमा दैनिक भगवत्वपूजा अर्चना, रुद्राभिषेक, हवन, श्रीमद्भागवत पाठपारायण, भागवत रसमर्मज्ञ, विशिष्ट विद्वान तथा सन्तहरूको आध्यात्मिक प्रवचन, हरिनाम सङ्कीर्तन, विभिन्न जातिका मौलिक संस्कार र संस्कृति झल्किने झाँकी प्रदर्शन गरिने आयोजकले जनाएको छ।

काफ्लेले भन्नुभयो, "व्यास जन्मभूमिलाई विश्वसामु चिनाउने कार्यक्रमको मुख्य उद्देश्य हो। यसमा सबै सङ्घसंस्था, व्यक्ति, पत्रकार, राजनीतिक दलको साथ र सहयोग आवश्यक पर्दछ।" धार्मिक, सांस्कृतिक तथा पर्यटकीय हिसाबले महत्व बोकेको व्यासभूमि ओझेलमा परेकाले यसको प्रचारप्रसार गर्न आवश्यक रहेको जनाइएको छ।

व्यासभूमिलाई विश्वभर परिचित गराउन र धार्मिक पर्यटनको विकास गर्ने उद्देश्यसहित व्यास क्षेत्र विकास कोषको सक्रियतामा १०८ फिट व्यासको मूर्तिका लागि आवश्यक पूर्वाधार निर्माण सुरु गरिए पनि सोचेअनुरुप काम भने अगाडि बढ्न सकिरहेको छैन। व्यासको जन्मभूमि दमौलीमा शिवपञ्चायन मन्दिर छ। मन्दिरको केही तलपट्टि व्यासगुफा छ। जहाँ बसेर व्यास ऋषिले चारवेद र अठार पुराणको रचना गरेको विश्वास गरिन्छ। व्यास गुफाको पारिपट्टि पराशर गुफा छ। पराशर गुफासम्म पुग्नका लागि मादी नदीमा झोलुङ्गे पुल निर्माण गरिएको छ। व्यासगुफासम्म घुम्न आएकाहरू पुल तरेर पराशर क्षेत्र पनि पुग्ने गरेका छन्।

व्यासभूमिलाई अन्तरराष्ट्रियस्तरसम्म परिचित गराउँदै धार्मिक गन्तव्य बनाउन विविध कार्यक्रम हुँदै आएको छ। विसं २०४१ सालमा योगी नरहरिनाथले कोटीहोम लगाउने सिलसिलामा भएको धर्मसभामा महर्षि वेदव्यासको अवतरण भूमि दमौलीस्थित शुक्लामाहेन्द्री सङ्गम भएको बताउनुभयो।

# चापाकोटका भण्डारी अवकासपछि फूलखेतीमा रमाउद

पोखरापत्र संवाददाता
स्याङ्जा, १ कार्तिक

स्याङ्जाको चापाकोट नगरपालिका-१ बेलडाँडाका तुलसीराम भण्डारीले शिक्षण पेशाबाट अवकाशपछि व्यावसायिक फूलखेती गर्दै आएका छन् ।

३० वर्षको शिक्षण पेशबाबाट गत महिना मात्रै अनिवार्य अवकाश लिएका थिए । ६० वर्षीय भण्डारीले विगत चार वर्षदेखि नै फूलखेती गर्दै आएको बताए । भण्डारी शिक्षक सेवामा रहदा फूलखेती उनकी श्रीमतीले गर्दै आएकी थिइन् । फूलखेतीलाई भण्डारीले शिक्षक सेवाबाट अवकाशपछि निरन्तरता दिनेगरी भनै उत्साह बढाएर काम गरेको बताए ।

अवकाशपछि मैले के गर्ने भन्ने सोचाईलाई फूलखेतीले निमिट्यान्न पारिदिएको बताए ।



शिक्षकका रुपमा कार्यरत रहँदा नै फुर्सदको समयमा व्यावसायिक बन्दै आत्मनिर्भर बन्ने प्रयास गरेका भण्डारीले गाउँमा नै रहेको आफ्नो तीन रोपनी जग्गामा फूलखेती गर्दै आएका थिए । गएको वर्ष एक रोपनी थपेर फूलखेती गर्दै आएका भण्डारीले यो वर्ष चार रोपनी क्षेत्रमा गर्दै आएको बताए । बाँझो जमिनको सदुपयोग गर्दै खेतीका लागि थप क्षेत्रफल बढाउने योजना रहेको उनको भनाइ छ । भण्डारीले अर्गानिक घर तथा कृषि फर्म दर्ता गरी विगत चार वर्षदेखि व्यावसायिक रूपमा फूलखेती गर्दै आएका थिए । शिक्षण पेसाबाट फुर्सद मिल्यो अब त पूर्णरूपमा फूलखेतीलाई प्रमुख आयको रुपमा ध्यान केन्द्रित गर्ने बताए ।

तिहारमा मात्रै दुई हजार पाँच सय केजी फूल बिक्री गर्ने योजना भण्डारीको छ । यो वर्ष १० लाखसम्म कमाइ हुने जानकारी दिए । गएको वर्ष फूल बिक्री गरेर झण्डै पाँच लाख आम्दानी गरेको भण्डारीले बताए । दशैं र तिहारको बिचमा प्रति केजी २८० रुपैयाँमा बिक्रि गरेका भण्डारीले व्यपारीका लागि प्रति केजी ३ सयका दरले बिक्रि गर्ने बताए । फूलको माग, बजार र आफ्नो खेतीलाई हेर्दा, आगामी माघ महिनासम्म सहज रुपमा फूल बेच्न सकिने भण्डारीको भनाइ छ । म्यारिगोल्ड कर्मा ५५५ जातको फुल भण्डारीले उत्पादन गर्दै आएका छन् । टिपेपछि पनि लामो समयसम्म नसुक्ने यो फूलको गुण भएकाले बिग्रिहाल्ने समस्या नभएको भण्डारीले बताए । फूलखेतीमा कालीगण्डकी गाउँपालिकाले विगतबर्ष देखी नै गर्दै आएको छ । कालीगण्डकीमा उत्पादन भएको फूल जिल्लाभन्दा बाहिर पनि बिक्रि हुदै आएको बताइएको छ ।

पछिल्लो समय स्याङ्जामा फूलखेती गर्ने क्रमिकरुपमा बढ्ने गरेको छ । कालीगण्डकी गाउँपालिकाले व्यवसायिक रुपमा फूलखेती गरेको खबर बाहिर आउन थालेपछि जिल्लाका बिभिन्न क्षेत्रमा फूलखेतीलाई आयआर्जनको माध्यम बनाउन लागिएको छ । यसमा स्थानीय सरकारले साथ दिने हो भने यो खेतीमा अझै आकर्षण बढ्ने भण्डारीले बताए ।

# कार्तिक कृष्ण त्रयोदशी: यमपञ्चक सुरु, घरघरमा यमदीपदान

रासस
काठमाडौं, १ कार्तिक

कार्तिक कृष्ण त्रयोदशीको साँझ शनिबार यमदीपदान सुरु गरेसँगै यस वर्षको तिहार अर्थात् यमपञ्चक आरम्भ भएको छ ।

कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म यमयातना भोग्नु नपरोस् भनी यमदीपदान गरिन्छ । यमदीपदान परिवार सदस्य सङ्ख्याका आधारमा प्रत्येकको छुट्टाछुट्टै दिनुपर्ने धार्मिक मान्यता रहेको धर्मशास्त्रविद् प्राडा देवमणि भट्टराईले जानकारी दिनुभयो । यमदीपदान सुरु भएसँगै आजैदेखि घर, व्यापारिक प्रतिष्ठानलगायत स्थानमा दीपावली गरिएको छ । तिहारलाई दीपको पर्व पनि भनिन्छ । यो नेपालीको दोस्रो ठूलो चाड हो । यमदीपदान गरी शनिबार सुरु भएको तिहारको दोस्रो दिन आइतबार कागको पूजा गरी मीठामीठा खानेकुरा खान दिइन्छ । सोमबार बिहान जलाशय, नदी, कुवामा गई स्नानसहित बत्ती बालेर बगाइन्छ । यसलाई नरक चतुर्दशी पनि भनिन्छ । यसै दिन बेलुकी लक्ष्मीपूजा गरिन्छ ।

चौथो दिन मङ्गलबार तिहारको कुनै कर्म नगरिने धर्मशास्त्रविद् प्राडा भट्टराईले बताउनुभयो । उहाँका अनुसार पाँचौँ दिन बुधबार गाईको पूजा गरिन्छ । यसै दिन गोवर्द्धनपूजा, बलिपूजा, हलितिहार, गोरुको समेत पूजा गरिन्छछ । छैटौँ दिन बिहीबार दिदीबहिनीले दाजुभाइलाई टीका लगाएपछि पाँच दिन लामो तिहार पर्व समापन हुन्छ ।

# कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक कात्तिक १३ गतेसम्म स्थगित

रासस
काठमाडौं, १ कार्तिक

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक कात्तिक १३ गतेसम्म स्थगित भएको छ ।

नेपालको लोकतान्त्रिक आन्दोलनका अथक योद्धा, कांग्रेसका पूर्वकेन्द्रीय सदस्य, पूर्वमन्त्री, नेपाल विद्यार्थी सङ्घका संस्थापक केन्द्रीय सदस्य एवं कांग्रेस बाराका पूर्वसभापति ऋषिकेश गौतमको ८४ वर्षको उमेरमा भएको निधनका कारण कात्तिक १३ गतेसम्म बैठक स्थगित गरिएको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी गराउनुभयो । "आज बसेको केन्द्रीय समिति बैठकद्वारा पार्टीका पूर्वकेन्द्रीय सदस्य एवं पूर्वमन्त्री गौतमको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित भएको छ । कांग्रेस बाराका पूर्वसभापति ८४ वर्षीय गौतमको गत असोज ३१ गते राति ९ः१५ बजे काठमाडौँको पेप्सीकोलास्थित निजी निवासमा भएको निधनप्रति कार्यसमितिको बैठकले गहिरो दुःख व्यक्त गरेको छ", मुख्यसचिव पौडेलले भन्नुभयो । स्वर्गीय गौतम विसं २०३६ देखि २०४८ सम्म बारा जिल्लाको सभापति, २०४८ र २०५६ मा बाराको निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित र कांग्रेस संसदीय दलको पूर्वसचिव हुनुहुन्थ्यो । नेपालमा लोकतन्त्र स्थापना र पुनःस्थापनाका आन्दोलनहरू र सङ्घर्षका क्रममा उहाँले पटकपटक जेलजीवन व्यतित गर्नुभएको थियो । स्व गौतमले पार्टीको विभिन्न पदीय जिम्मेवारीमा रहेर कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको मुख्यसचिव पौडेलले जानकारी गराउनुभयो । उहाँको निधनबाट पार्टीले एक अग्रज र अनुभवी नेतृत्वलाई गुमाएको भन्दै कांग्रेसले दुःखको यस घडीमा शोकसन्तप्त परिवारजन र आफन्तजनप्रति गहिरो समवेदना प्रकट गरेको छ । स्व गौतमप्रति उच्च सम्मान प्रकट गर्दै पार्टीले यही कात्तिक १, २ र ३ गते (तीन दिनसम्म) पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालहरूमा झण्डा आधा झुकाउने, कात्तिक २ गते केन्द्र, प्रदेश र जिल्लाका सबै कार्यालय बन्द गर्ने, स्वर्गारोहणको १३ दिनसम्म केन्द्र, प्रदेश र जिल्ला कार्यालयहरूमा शोक पुस्तिका राख्ने र स्वर्गारोहणको १३औँ दिनमा सम्बन्धित जिल्लामा शोकसभाको आयोजना गर्ने निर्णय गरेको छ ।

# कोरला नाकामा स्वास्थ्य शिविर, १२६ जना लाभान्वित

पोखरापत्र संवाददाता
मुस्ताङ, १ कार्तिक

नेपाल-चीनको सीमा कोरला नाका स्थित २४ नंम्बर सीमा स्तम्भ दशगजा क्षेत्रमा सशस्त्र प्रहरी बल नेपालले आज एकदिने स्वास्थ्य शिविर सञ्चालन गरेको छ । सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्म हेडक्वार्टर मुस्ताङ र सशस्त्र प्रहरी अस्पताल पोखराको संयुक्त आयोजनामा शिविर संञ्चालन गरिएको हो ।

समून्द्री सतहको ४६१० मिटर अग्लो उचाईमा अवस्थित कोरलानाकामा चिनियाँ सामान बिक्री गर्न बसेका स्थानीय व्यापारी, मजदुरका साथै कोरलानाका अवलोकन गर्न जाने पर्यटकलाई लक्षित गरी सशस्त्र स्वास्थ्य शिविर सञ्चालन गरिएको सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्मका मुस्ताङका सशस्त्र प्रहरी नायब उपरीक्षक भेषराज गिरीले जानकारी दिनुभयो । शिविरबाट १२६ जना लाभान्वित भएको उहाँको भनाइ छ ।

शिविरमा सशस्त्र प्रहरी अस्पताल पोखराबाट गएका चिकित्सक डा आर्कषा श्रेष्ठलगायतको पाँच जना र सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्मबाट तीन जना गरी आठ जनाको टोली खटिएको थियो । टोलीले त्यहाँ बिहान ११ बजेबाट दिउँसो ३ बजेसम्म सेवा दिएको थियो ।

# स्वच्छ र ...

आग्रह गर्नुभएको छ । राष्ट्रपति भवन शितल निवासमा शनिबार अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरूको सहभागितामा भएको छलफलमा चारै सुरक्षा निकायका प्रमुखलाई राष्ट्रपति पौडेलले राजनीतिक दल र आमनागरिकलाई चुनावबारे आश्वस्त बनाउन आग्रह गर्नुभएको हो । उहाँले शान्तिसुरक्षा कायम गर्न र भयरहित वातावरणमा निर्वाचन गराउन सुरक्षा निकायले प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिनुभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो । राष्ट्रपति पौडेलले भदौ २४ गते लुटिएका हतियार र भागेका कैदीबन्दी सबैलाई अविलम्ब फिर्ता गर्न आग्रह गर्नुभयो । अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा चुनाव गराउन सरकारले कुनै कसर बाँकी नराख्ने बताउनुभयो । उहाँले पूर्ण तयारी र सुरक्षा निकायलाई चाहिने सम्पूर्ण साधनस्रोत उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो । सुरक्षा निकाय प्रमुखहरूले शान्तिसुरक्षा कायम गर्ने र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सुरक्षा निकाय सक्षम रहेकाबारे आश्वस्त पार्नुभएको थियो । उहाँहरूले विगतमा योभन्दा कठिन परिस्थितिमा पनि शान्तिपूर्वक निर्वाचन सम्पन्न गराएको स्मरण गराउँदै सुरक्षा निकाय सम्पूर्ण रूपले निर्वाचनका लागि तयार रहेको पनि बताउनुभएको थियो ।

छलफलमा अन्तरिम सरकारका प्रधानमन्त्री कार्की, अर्थमन्त्रीबाहेक सबैमन्त्री, प्रधानसेनापति अशोकराज सिग्देल, प्रहरी महानिरीक्षक चन्द्र कुँवेर खापुङ, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्कीको सहभागिता थियो ।



सामुदायिक प्रहरी सेवा माटेपानीको सचेतनाः
सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा माटेपानी -१२ को पहलमा धुम्रपान तथा सुर्तिजन्य पदार्थबाट बच्ने र बचाउने उपायहरु सम्बन्धी सचेतनामुलक कार्यक्रम वडा न १३ स्थित कुँडहरमा हालै सम्पन्न भयो । कार्यक्रममा सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा माटेपानी -१२ अध्यक्ष धर्मराज आचार्य र प्रहरी जवान शान्ती गुरुङको सक्रियतामा सचेतनामुलक पर्चा स्थानीयलाई वितरण गर्दै । फोटो-पोखरापत्र

# बाँझापाटन मिलन मार्ग टोल विकास संस्थामा सम्मान

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाँझापाटन मिलन मार्ग टोल विकास संस्थाको १६ औं वार्षिक साधारण सभा तथा आठौं अधिवेशन शनिवार सम्पन्न भयो ।



वडा न १३ का वडा सदस्य बलवहादुर वरालले सभाको उद्घाटन गर्दै संस्थाले समाजमा राम्रो कार्य गर्दै आएकोमा प्रशंसा गरे । सस्थालाई वडा वाट गर्नु पर्ने हरेक कार्यमा सहयोग गर्ने तयार रहेको सदस्य वरालले भने । कार्यक्रममा संस्थाका जेष्ठ नागरिकहरु क्रमश दशरथ वाँस्तोला, धर्मनन्द वाँस्तोला, भिमकुमारी आचार्य, दीर्घनारायण श्रेष्ठ, बसुन्धरी गौतम, प्रेमकुमारी गुरुङ, तुलसीदेवी ताम्राकार, हरिकला गौतम, देवीमाया लामा, लक्ष्मी लामा, डिलवहादुर श्रेष्ठ, गणेशकुमारी श्रेष्ठ, मायाकुमारी गुरुङ र नरवहादुर गुरुङ लगायतलाई दोसल्लाह ओढाएर सम्मान गरियो । सम्मानित भएका मध्य कतिपय सम्मानित सदस्यहरुको प्रतिनिधिलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा संस्थाका सचिव स्वतन्त्र गौतम र कोषाध्यक्ष धनमाया सुनारले प्रस्तुत गरेका प्रतिवेदन पारित भएको छ । बाँझापाटन मिलन मार्ग टोल विकास संस्थाका अध्यक्ष रामलाल सुनारको अध्यक्षतमा भएको कार्यक्रममा शुभकामना टोल विकास संस्थाका अध्यक्ष कृष्णप्रसाद आचार्य, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल, संस्थाका सल्लाहकार द्धय रामराज सिग्देल, माधवप्रसाद आचार्य, लगायत वोलेको कार्यक्रममा कोषाध्यक्ष धनमाया सुनारले स्वागत र संस्थाकी उपाध्यक्ष शान्तिदेवी पौडेल केसीले कार्यक्रम संचालन गरेकी थिइन ।

# जिल्ला प्रशासन कार्यालय पर्वत देशभरिमै उत्कृष्ट

पोखरापत्र संवाददाता
पर्वत, १ कार्तिक

गृह मन्त्रालयको कार्यसम्पादन मूल्याङ्कनमा जिल्ला प्रशासन कार्यालय पर्वत देशभरिमै उत्कृष्ट भएको छ ।

गत आर्थिक वर्ष विसं २०८१/०८२ को कार्यसम्पादन मूल्याङ्कनमा सबैभन्दा बढी अङ्क प्राप्त गरी नेपालमै उत्कृष्ट स्थान हासिल गरेको हो । एक सय पूर्णाङ्कको नतिजामा पर्वत प्रशासनले ९५ दशमलव ७१ अङ्क प्राप्त गरी नेपालमै पहिलो बनेको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरेले जानकारी दिनुभयो । उहाँको अनुसार आर्थिक वर्ष विसं २०८१/०८२ को पहिलो त्रैमासिकमा २९ दशमलव ०६, दोस्रो त्रैमासिकमा १९ दशमलव २५, तेस्रो त्रैमासिकमा १७ दशमलव ८७ र चौथो त्रैमासिकमा २९ दशमलव ५२ अङ्क प्राप्त गरेको थियो ।

गृह मन्त्रालयसँग भएको कार्यसम्पादन सम्झौतामा तोकिएका मापदण्डहरूमा पूर्ण रूपमा सम्पादन गरिएको मन्त्रालयको नतिजाले पुष्टि गरेको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनुभयो । गृह मन्त्रालयले प्रत्येक वर्ष जिल्ला प्रशासन कार्यालयहरूको सेवा प्रवाह, कार्यसम्पादन क्षमता, जनउत्तरदायित्व, प्रशासनिक कार्यशैलीलगायतका मापदण्डहरूका आधारमा मूल्याङ्कन गर्दै आएको छ ।

पर्वतका प्रमुख जिल्ला अधिकारी घिमिरेका अनुसार कार्यालयले नागरिकसँगको सेवा प्रवाहमा पारदर्शिता, समयमै सेवा प्रदान गर्ने अभ्यास, दक्ष जनशक्ति परिचालन तथा प्रविधिको प्रयोगलाई प्राथमिकता दिँदै आएको छ । "हामीले नागरिकका गुनासो चाँडो सुन्ने, सेवाग्राहीलाई सहज वातावरणमा सेवा दिने, तथा प्रशासनिक काममा चुस्ती ल्याउनेजस्ता प्रयासहरू गरेका छौँ", प्रजिअ घिमिरेले भन्नुभयो, "यो उपलब्धि सम्पूर्ण कर्मचारी टोली र स्थानीय सरोकारवालाहरूको सहकार्यको परिणाम हो ।" यस उपलब्धिपछि कार्यालयले अझ प्रभावकारी सेवा प्रदान गर्ने प्रतिबद्धता र हौसला मिलेको उहाँको भनाइ छ । कार्यसम्पादन मूल्याङ्कनमा दोस्रो नम्बरमा भक्तपुर, तेस्रोमा नुवाकोट, चौथोमा मनाङ र पाँचौँमा धनकुटा परेका छन् । छिमेकी जिल्ला बागलुङ २४, म्याग्दी ३२ नम्बरमा परेको छभने सबैभन्दा कम नतिजा पाँचथर प्रशासनले पाएको छ । पाँचथरको ७३ दशमलव ८२ अङ्क प्राप्त गरेको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।

– अज्ञात

## सम्पादकीय

# समयको मागलाई बुझ्न ढिलाई नगर

नेपाली जनताको बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास भएको दशकपछि जनतमा विद्रोह पैदा भयो। आमजनताको जीवनस्तरमा सुधार आउन सकेन । मुलुक गरिबीबाट मुक्त हुन सकेन । सर्वत्र असन्तुष्टि र आक्रोश बढ्नु भ्रष्टाचार नियन्त्रण र सुशासन कायम हुन नसक्दा हो । राजनीतिक नेतृत्वसँग जनताको आक्रोश यो हदसम्म उठेको छ भनेरबुझ्न सकेनन । राजनीतिका नाममा नेताहरूलाई जे गर्न पनि छुट हुने तर जनता भने अन्यायमा परिरहने अवस्थाले ठुलो असन्तुष्टि ल्याएको हो । राजनीतिको नाममा नेतृत्व वर्गलाई गल्ती गर्ने छुट दिँदा मुलुकका लागि भ्रष्टाचार र अपराध सबैभन्दा ठुलो चुनौती बनेको छ । लोकतन्त्र भनेको अराजकता होइन विधिको शासन हो । लोकतन्त्र पार्टीको आन्तरिक जीवनमा मात्र होइन सर्वत्र हुनु पर्छ । लोकतन्त्रलाई आमजनताको हितमा प्रयोग गरिनु पर्छ । यसलाई ठगी खाने भाँडो बनाउनु हुँदैन । जनताले लोकतन्त्रको अनुभूति गर्न पाएनन् भने अविश्वास र आक्रोश पैदा हुन्छ । नेतृत्व र पार्टीप्रति जनविश्वास घट्दै जान्छ । पार्टी र नेतृत्वप्रति जनविश्वास घट्नु भनेको लोकतन्त्रका लागि सबैभन्दा ठुलो चुनौती हो ।

नेपाली राजनीतिको पछिल्लो कालखण्डमा कतिपय राजनीतिक नेतृत्व व्यक्तिगत स्वार्थमा केन्द्रित रहे । नेतृत्व वर्गले पार्टी र कार्यकर्ता साथै आमजनताको भावना बुझ्न सकेनन्।नेताहरूले पार्टीलाई पेवा जस्तै बनाए । आफ्नो स्वार्थमा प्रयोग गरे । पार्टीलाई पुस्तान्तरण गर्ने, गतिशील बनाउने दिशामा ठोस काम हुन सकेन । नेताहरू र उनका आसेपासे धनी बन्दै गए, देश खोक्रिँदै गयो । जनता गरिब बन्दै गए । सुशासन भएन । भ्रष्टाचारले सीमा नाघ्यो । यही असन्तुष्टि र आक्रोश जेनजी पुस्ताका नाममा पोखियो । जेनजी पुस्ताको विद्रोहले मुलुक नयाँ चरणमा प्रवेश गरेको छ । नयाँ अन्तरिम सरकार बनेको पनि एक महिनाभन्दा बढी भयो । यो सरकारले भ्रष्टाचार नियन्त्रण, सुशासन कायम र आगामी फागुन २१ गते सङ्घीय संसद्को निर्वाचन गराएर नयाँ सरकारलाई सत्ता हस्तान्तरण गर्ने म्यान्डेट पाएको छ । विघटित प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलहरू अब सच्चिएर चुनावमा भाग लिनु पर्छ । लोकतन्त्रको आधार नै निर्वाचन हो । निर्वाचनबाटै मुलुकलाई निकास दिनु पर्छ । निर्वाचनमा जाँदा अब बुढोपुस्ता होइन युवापुस्ताले नेतृत्व गर्नु पर्छ भन्ने मुलुकको आवाजलाई सबैले आत्मसात् गर्नु पर्छ । विघटित प्रतिनिधि सभाको सबैभन्दा ठुलो पार्टी नेपाली कांग्रेसमा पुस्तान्तरण सुरु भएको छ । पूर्वप्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी हस्तान्तरण गरेका छन । कांग्रेसका लागि र मुलुकका लागि यो शुभ सङ्केत हो । जेनजी पुस्ताको जायज मागलाई सम्बोधन गर्नुपर्ने र चुनावमार्फत मुलुकलाई निकास दिनुपर्नेछ ।

कांग्रेस नेतृत्वमा आएको यो परिवर्तनले नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) लगायतका दलमा नेतृत्व हस्तान्तरण गर्न दबाब परेको छ । त्यही भएर एमालेले महाधिवेशनको मिति तय गरेको छ। यसले एमालेलाई नयाँ चुन्ने अवसर प्राप्त भएको छ।नयाँ नेतृत्व हस्तान्तरण गर्ने कि प्रतिस्पर्धाबाट नेतृत्व लिने अवसर पनि हो। सत्ता र पार्टीको नेतृत्व ओगटेर बस्ने प्रवृत्तिले मुलुकलाई यो सङ्कटको घडीमा ल्याएको कुरामा विमति छैन । पुरानो पुस्ताले नयाँ पुस्तालाई सहज रूपमा समयमै नेतृत्व हस्तान्तरण नगर्दा थुप्रै समस्या र विकृति आएको कुरालाई सबैले मनन गर्नु पर्छ ।

राजनीतिक दलहरूलाई लोकतान्त्रिक र गतिशील बनाउन सके मात्र मुलुकले सही निकास पाउँछ । दलहरूभित्र निरङ्कुश चरित्र हाबी भयो भने यसले अन्ततः पार्टीलाई कमजोर बनाउँछ र मुलुकलाई पनि अहित गर्छ । यो कुरालाई सबैले समयमै मनन गर्नु पर्छ । जेनजीको सपना मुलुकमा शान्ति, सुशासन र भ्रष्टाचार मुक्त समाज निर्माण नै हो । राजनीतिक दलले समयको माग अनुसार आफूलाई बुझ्न सके देशलाई लोकतान्त्रिक मार्गमा ल्याउन सकिनेछ ।

# गलकोट नगरपालिकालाई अन्तरराष्ट्रिय बागलुङ समाज कपको उपाधि

**पोखरापत्र संवाददाता**
बागलुङ, १ कार्तिक

बागलुङमा आयोजित अन्तरराष्ट्रिय बागलुङ समाज कप भलिबल प्रतियोगिताको उपाधि गलकोट नगरपालिकाले हात पारेको छ ।

अन्तरराष्ट्रिय बागलुङ समाजको आयोजनामा भएको उक्त प्रतियोगितामा गलकोटले निसीखोला गाउँपालिकालाई ३-२ सेटले पराजित गरी उपाधि चुमेको हो । प्रतिस्पर्धात्मक खेलमा गलकोट पहिलो २६-२४, तेस्रो २५-२० र पाँचौं २४-२२ ले जितेको थियो । निसीखोलाले भने दोस्रो २५-१७ र चौथो २६-२४ ले जितेको थियो । गलकोटले उपाधि जित्दै रु दुई लाख हात पारेको छ । दोस्रो हुने निसीखोला गाउँपालिकाले रु एक लाख हात पारेको हो । तेस्रो हुने काठेखोला गाउँपालिकाले रु ५० हजार र सान्त्वना हुने ढोरपाटन नगरपालिकाले रु २५ हजार प्राप्त गरेको अन्तरराष्ट्रिय बागलुङ समाजका सचिव राजु थाले जानकारी दिनुभयो । प्रतियोगितामा बागलुङका १० स्थानीय तहबाट दश टोलीको सहभागिता थियो । खेलमा सहभागी हुने सबै समूहले रु २५/२५ हजार नगद पुरस्कार प्रदान गरेको सचिव थापाले बताउनुभयो । समाजले अबदेखि हरेक दुई/दुई वर्षमा प्रतियोगिता गर्ने थापाले जानकारी दिनुभयो ।

प्रतियोगिता गत असोज २९ गतेदेखि सुरु भएको थियो । बागलुङबाट रोजगारीको सिलसिलामा संसारका विभिन्न देशमा गएर बसेका गैरआवासीय नागरिकको संस्था अन्तरराष्ट्रिय बागलुङ समाजले जिल्लाभित्र अन्य सामाजिक कामसमेत गर्दै आएको छ ।

# वालिङ नगर अस्पतालको आधुनिक भवन निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, १ कार्तिक



वालिङ नगरपालिकामा सुविधा सम्पन्न अस्पताल भवन निर्माण गरिएको छ ।

संघीय सरकार र वालिङ नगरपालिकाको संयुक्त लगानीमा नगर अस्पताल भवनको निर्माण गरिएको हो । झण्डै १३ करोडको लागतमा अस्पताल भवन निर्माण भएको छ ।

दुई पटक म्याद थप गरिएको अस्पताल भवन निर्माणका लागि अन्तिममा कात्तिक मसान्तसम्म म्याद रहेको थियो । कोभिडको महामारी, निर्माण सामग्रीको अभाव, भवन निर्माण स्थल जग्गा) को जटिलताका कारण समय थप गर्दै आएको नगरपालिकाले जनाएको छ ।

स्थानीय व्यक्तिको अनुदान र खरिद गरी २० रोपनी क्षेत्रफलमा अस्पताल भवन तथा अन्य आवश्यक संरचनाहरु निर्माण गरिएको नगरपालिकाका इन्जिनियर ध्रुव रेग्मीले जानकारी दिए । तीन वटा ब्लकमा निर्माण गरिएको अस्पताल तत्कालको लागि १५ शैयाको हुने छ । अस्पताल भवन निर्माणका लागि २७ करोडको लागत अनुमान सहितको डिपिआर तयार गरिएको रेग्मीले बताए ।

वालिङ नगरपालिका-१, रामबाच्छामा निर्माण गरिएको भवनमा कर्मचारी आवास गृह, कपाउण्ड पर्खाल, निकासी सडक र लिफ्ट लगायतका संरचना निर्माण गर्न बाँकीनै रहेको छ । नगर अस्पताल भवन निर्माण गरिएको स्थानको जमिन भिरालो भएका कारण थप तीन करोड लगानी बढ्न पुगेको इन्जिनियर रेग्मीले जनाए । २०७६ मा तत्कालीन प्रधानमन्त्री केपी ओली सरकारले देशका विभिन्न पालिकामा एकै पटक सुरु गरेको नगर अस्पताल निर्माण अभियान अन्तर्गत वालिङ नगर अस्पताल भवनको निर्माण गरिएको नगर प्रमुख कृष्ण खाँणले बताए ।

जिल्लाकै धेरै जनसंख्या बसोबास गर्ने वालिङमा सुविधा सम्पन्न भवन अभावमा स्थानीय नागरिक पोखरा तथा पाल्पासम्म उपचारका लागि पुग्ने गरेका थिए । आफ्नै पालिकामा नगर अस्पतालको सुविधा सम्पन्न भवन बनेपछि स्थानीय खुसी भएका छन् । आधुनिक भवन बन्यो सोहि अनुसारको उपचार सुविधा पाएमा स्वास्थ्य उपचारका लागि पोखरा तथा पाल्पा जार्नुपर्ने बाध्यता हट्ने विश्वासमा उनीहरु खुसी भएका हुन् ।

# गोरखा बजारबाट २० किलोग्राम पटका बरामद

**पोखरापत्र संवाददाता**
बागलुङ, १ कार्तिक

प्रहरीले गोरखा बजारबाट २० किलोग्राम पटका बरामद गरेको छ ।

गोरखा बजारको विभिन्न स्थानमा चेकजाँच तथा खानतलासी गर्ने क्रममा सो परिमाणको पटका बरामद गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

पटका बिक्रीवितरण तथा प्रयोग नगर्न/नगराउन यसअघि प्रहरीले पटकपटक सूचना जारी गरेको थियो ।

शान्तिसुरक्षा कायम गर्ने उद्देश्यले सो सूचना गरिएको जनाउँदै प्रहरीले पुनः पटका राख्ने तथा पट्काउने गरे/नगरेको चेकजाँच र खानतलासी गरिने जनाएको छ । त्यस्तो कार्य गरेको पाइएमा प्रचलित कानुनअनुसार कारबाही गर्ने प्रहरी उपरीक्षक भरत विकले जानकारी दिनुभयो ।

# व्यावसायिक फूलखेतीमा पूर्वशिक्षक भण्डारी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १ कार्तिक



तिहार लागेसँगै सयपत्री फूलको माग ह्वात्तै बढेको छ, तिहारमा सयपत्री फूलको माग बढ्ने आसामै स्याङ्जाको चापाकोट नगरपालिका-१ बेलडाँडाका स्थानीय तुलसीराम भण्डारीले व्यावसायिक फूलखेती गर्दै आएका थिए ।

चार वर्षदेखि सामान्य सयपत्री फूलखेती गर्दै आएका पूर्वशिक्षक समेत रहेका भण्डारीले पेशाबाट अवकाश भएसँगै व्यावसायिक रुपमा फूलखेती गरेका हुन् ।

शिक्षण पेशामा रहदा फुर्सदको समयमा व्यावसायिक बन्ने लक्ष्य सहित फूलमा आत्मनिर्भर बन्ने सोच राखेका भण्डारीले गाउँकै तीन रोपनी जग्गामा फूलखेती गर्दै आएका छन् । विगतका वर्षमा एक रोपनी जग्गामा फूलखेती गर्दै आएका भण्डारीले यस वर्षबाट क्षेत्र विस्तार गरेका हुन् । बाँझो जमिनको सदुपयोग गर्दै फूलखेतीका लागि थप क्षेत्रफल बिस्तारको योजना रहेको उनले सुनाए ।

'पेशाबाट अवकाशपछि मैले व्यावसायिक रुपमा सयपत्री फूलखेती गर्ने सोच बनाएको थिए ।' ६० वर्षिय भण्डारीले भने, 'पहिलो चरणमा फूलखेती परिक्षण चरणमै थियो, निबृत्त भएपछि व्यावसायिक बनेर अगाडी बढाउन लागेको छु ।' भण्डारीले अर्गानिक घर तथा कृषि फर्म दर्ता गरी फूलखेती गर्दै आएको जनाए । शिक्षण पेशाबाट फुर्सद मिल्यो अब पूर्णरूपमा फूलखेतीमा आफ्नो ध्यान लगाउने उनले योजना सुनाए । तिहारसँगै नेपाल सम्बत र छडमा मात्रै दुई हजार पाँच सय केजी फूल बिक्री गर्ने योजना रहेको बताए । भण्डारीले यसै वर्ष फूल बिक्रीबाट १० लाखसम्म कमाइ हुने अपेक्षा गरेका छन् । गएको वर्ष फूल बिक्री गरेरै झण्डै पाँच लाख आम्दानी गरेको उनले जानकारी दिए । फर्मबाट चालु वर्षको हालसम्म करिब ६ लाख मुल्य बराबरको फूलको थुँगा र माला बिक्री भइसकेको उनले बताए । दसैँदेखि तिहारको यस अवधिमा २८० रुपैयाँ प्रतिकिलो फूल बिक्री गरेका भण्डारीले तिहारको समयमा भने धेरै फूल लैजाने र व्यापारीबाटै थोक (एकमुष्ठ) माग भएकाले प्रतिकिलो ३ सय रुपैयाँका दरले फूल बिक्री गर्ने तयारी गरेका छन् । माला उनेर प्रतिमाला ९० रुपैयाँसम्म बिक्री गरेका भण्डारीले स्थानीयस्तरमै खुद्रा मूल्य ३५० रुपैयाँसम्म फूल बिक्री हुने गरेको जनाए । बजारमा फूलको माग र आफ्नो खेतीको अवस्था हेर्दा आउँदो मंसिर पुषसम्म सहज रुपमा फूल बेच्न सकिनेमा भण्डारी विश्वस्त छन् । बीउ छनोट र खेती गर्ने तौरतरिकाका बारेमा छोराको साथ पाएका कृषक भण्डारीले ' म्यारिगोल्ड कर्मा ५५५' जातको फूलका बिरुवाहरू लगाएर उत्पादन गरेका हुन् । अन्य खेतीको तुलनामा फूलखेती गोलमेड, स्याहारमा सहज रहेको उनको भोगाई छ ।

फूलको बीउ खरिदमा १० हजार नगद लागत मुल्य परेको र अन्य गोलमेड, स्याहारसम्भार समेतको काम परिवारका सदस्यहरु फुर्सदको सयम मिलेर काम गर्दै आएको छोरा देवीप्रसाद भण्डारीले बताए । पछिल्लो समय खेतबारी बाँझो रहने क्रम बढेको भन्दै तुलसीरामले नगदेबालीका रुपमा जुनसुकै खेती गरे पनि राम्रो आम्दानी लिन सकिने बताए । बाँझो जमिनको सुदपयोग गर्ने हो भने गाउँमै राम्रो आम्दानी लिन सकिने उनको पछिल्लो अनुभव छ । उत्पादित फूल, जिल्लाकै वालिङ, गल्याङ र छिमेकी जिल्ला पाल्पा, कास्की पोखरा, रुपन्देहीको बुटवल र चितवनको भरतपुर तर्फ निर्यात हुँदै आएको छ । बाँदरले अन्नबाली नष्ट गरिदिदा विकल्पमा स्थानीयहरु सयपत्री फूलखेती तर्फ आकर्षित बन्दै गएका छन् । अन्नबालीको विकल्पमा फूलखेतीको व्यावसायिक उत्पादन गरेपनि मागको तुलनामा फूलको माला र थुँगा पुर्‍याउन नसकेको भण्डारीले जनाए ।

# द क्लिफमा हाइलाइन अभ्यास

**पोखरापत्र संवाददाता**
पर्वत, १ कार्तिक

पर्वतको कुस्मा र बाग्लुङको बलेवाबीचमा रहेको कालीगण्डकी खोँचमा हाइलाइन अभ्यास गरिएको छ ।

हाल जर्मनीमा बसोबास गरिरहेका धनकुटा हिलेका शङ्कर कोइरालाले हाइलाइन अभ्यास गर्नुभएको हो । उहाँ विगत १५ वर्षदेखि युरोपका विभिन्न ठाउँमा हाइलाइन गर्दै आउनुभएको छ । बञ्जीलगायत एड्भेञ्चर हबका रूपमा परिचित 'द क्लिफ'मा पहिलोपटक हाइलाइन अभ्यास गरिएको हो । साहसिक पर्यटन प्रवर्द्धनको उद्देश्यले कोइरालाको संयोजनमा नेपालमा हाइलाइन प्रयास हुनु सुखद् रहेको द क्लिफका अध्यक्ष राजु कार्कीले बताउनुभयो । हाइलाइनको क्रु सदस्यहरूमा कोइराला सहित तीन जना नेपाली, एक जना न्यूजील्यान्डका नागरिक र दुई जना जर्मनी नागरिक सहभागी छन् । कोइरालासँगै सुलभ चालिसे, सहन महर्जन, डायलन, कासिया, मटासे र मिथियासलाई नेपाल स्ल्याकलाइन कम्युनिटीले पनि साथ दिएको छ । गत असोज २९ देखि सुरु भएको हाइलाइन अभ्यास कात्तिक १ गतेसम्म चल्नेछ । द क्लिफका अध्यक्ष कार्कीका अनुसार नेपालमा पहिलोपटक यति उचाइमा हाइलाइन गरिएको हो । यसले साहसिक पर्यटनमा नयाँ सम्भावनाका ढोका खोल्ने अपेक्षा गरिएको छ । उचाइ, जोखिम र कौशलका कारण यो खेल अत्यन्त चुनौतीपूर्ण मानिन्छ । हाइलाइनको पहिलो दिनको अभ्यास बेनेट डायलन रेडले गर्नुभएको थियो । चार सय आठ मिटर लम्बाइको हाइलाइन गर्ने डोरीले कुस्मातर्फ हार्नेस जिपलाइन र बलेवातर्फ द क्लिफलाई जोडेको छ । यो हाइलाइन परियोजना दक्षिण-पूर्व एसियामा दोस्रो लामो भएको भनिएको छ र नेपालमा अहिलेसम्म सबैभन्दा लामो र अग्लो हाइलाइन मानिएको छ । स्ल्याकलाइन सामान्यतया जमिनबाट ३० सेन्टिमिटरदेखि १ मिटर उचाइमा तानिएको पट्टीमा शरीर हल्का मोडेर, हात फैलाएर सन्तुलन मिलाउँदै हिँड्ने खेल हो । यो संसारभर पार्क, समुद्रकिनारा र बगैंचामा अभ्यास गरिन्छ। ध्यान, शरीर नियन्त्रण र लचकता बढाउने लोकप्रिय गतिविधि हो ।

हाइलाइन भने २० मिटरदेखि सयौं मिटर उचाइमा तानिएको लाइनमा सेफ्टी हार्नेस र लिस प्रणालीसहित हिँड्ने साहसिक खेल हो । सन्तुलनका लागि गहिरो ध्यान, स्थिर नजर र श्वास नियन्त्रण अत्यावश्यक हुन्छ । यो पर्वत, पुल र खोँचमा अभ्यास गरिन्छ र मानसिक तथा शारीरिक शक्ति परीक्षण गर्ने अत्यन्त रोमाञ्चक खेल हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस लस्ट होराइजन प्रा. लि. ले India बाट पैठारी गरेको देहायको मालबस्तुको अधिकतम खुद्राबिक्रि मुल्य (MRP) निम्नबमोजिम भएको ब्येहोरा सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ|

| S. No. | Description of Goods | Type | Size | Brand | Country of Origin | Unit | MPR | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Combi Oven | Oven | 3GN Tray | JACIO U | India | PCS | 1,319,000 | |
| 2 | Combination Oven | Oven | 6GN Tray | JACIO U | India | PCS | 1,042,000 | |

**लस्ट होराइजन प्रा. लि.**

पोखरा-३१, कास्की, नेपाल

एक्जिम कोड नं. ६००५४७८६८८०१००NP

# पदयात्रीको 'रिफ्रेस सेन्टर' भुरुङ–तातोपानी

**रासस**
म्याग्दी, १ कार्तिक

म्याग्दीको अन्नपूर्ण गाउँपालिका–२ मा रहेको भुरुङ–तातोपानी कुण्डे 'रिफ्रेस सेन्टर'को रूपमा विकास भएको छ।

भुरुङ तातोपानी कुण्ड बेनी–जोमसोम सडक भएर मुस्ताङ जाने–आउने, अन्नपूर्ण चक्रीय र अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदयात्राको थकान मेटाउने थलो बनेको हो। अन्नपूर्ण हिमालको आधार शिविरको तीन दिने पदयात्रा सकेर फर्किएकी बुटवलकी स्मृति न्यौपानेले तातोपानीको पोखरीमा दुई घण्टासम्म शरीर डुबाएर स्नान गरेपछि पदयात्राको थकान मेटिएको अनुभव सुनाउनुभयो।

"यात्राको चिसो र थकान तातोपानीमा स्नान गरेपछि भेटियो", उहाँले भन्नुभयो, "थकित शरीरमा तातोपानी नुहाएपछि स्फूर्ति आयो।" तातोपानीमा शरीर डुबाएर स्नान गरेकाहरूले शारीरिक स्फूर्ति बढेको, थकान मेटिएको, चोट पटकको दुखाइ कम भएको, सुन्निएको, बजिएको समस्या निको भएको अनुभव सुनाउँछन्। चिसो हावापानीबाट आएकाहरू तातोपानीमा स्नान गरेर न्यानो महसुस गर्छन्। पर्यटकीय यामको सुरुआतसँगै कालीगण्डकी



नदीको किनारमा प्राकृतिक रूपमा निस्कने ५५ डिग्री सेल्सियस तातोपानी सङ्कलन गरिएको तलाउ र धारामा स्नान गर्न आउने स्वदेशी तथा विदेशी पर्यटकको चाप बढेको छ। चिसो बढ्न थालेको, पर्यटकीय याम र मुस्ताङ जाने आउने पर्यटकको चापसँगै तातोपानी कुण्डमा स्नान गर्न आउनेहरूको पनि सङ्ख्यामा वृद्धि भएको कुण्डका सञ्चालक जीतेन्द्र चोचाङ्गी पुनले बताउनुभयो।

"बर्खा रोकिएर मुस्ताङ जाने आउने पर्यटकको चहलपहलसँगै तातोपानी नुहाउनेहरू पनि बढेका छन्", उहाँले भन्नुभयो, "याममा दैनिक ३०० देखि ५०० जनाले स्नान गर्छन्।" बेनी–जोमसोम सडकको छेउमा तातोपानी सङ्कलन गरिएको दुई वटा पोखरी र धाराहरू बनाइएको छ।

धारा र पोखरी जहाँ उपयुक्त हुन्छ त्यही स्नान गर्न सकिन्छ। बिहान ६:०० देखि साँझ १०:०० बजेसम्म स्नान गर्न सकिन्छ। कुण्डमा स्नानका लागि स्वदेशीलाई रु ५० र विदेशीलाई रु १५० प्रवेश शुल्क तोकिएको छ। कुण्डमा प्रवेश शुल्क र होटल सञ्चालन गर्न गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ का लागि करबाहेक रु ५० लाख एक हजारमा होटल हटस्पिर डसँग ठेक्का सम्झौता गरेको छ। विसं २०८१/८२ रु ५६ लाख २५ हजार ३ ७ र आर्थिक वर्ष २०८०/०८१ मा रु ५५ लाख ९०० मा ठेक्का लगाएको थियो।

भुरुङ–तातोपानी कुण्ड नजिकै कालीगण्डकी नदीपारि अन्नपूर्ण गाउँपालिका–५ को भूगोलमा पनि अर्को तातोपानी कुण्ड रहेको छ। तातोपानी कुण्डबाट हुने आम्दानी गाउँपालिकाले तय गर्ने योजना तथा कार्यक्रमका साथै तातोपानीस्थित सर्वोदय मावि, हिमालय आधारभूत विद्यालयका निजी स्रोतका शिक्षकको तलब, स्वास्थ्य चौकीमा प्रयोगशाला सञ्चालन, कुण्डको पूर्वाधार निर्माण र संरक्षणमा परिचालन गरिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो। कालीगण्डकी नदीको कटान नियन्त्रणका लागि पनि संरक्षणको काम गरिँदै आएको छ। पर्यटकको आवास सुविधाका लागि तातोपानी बजारमा करिब २० वटा सुविधासम्पन्न होटल सञ्चालनमा छन्। एक दिनमा पाँच सयभन्दा बढी वास बस्न सक्ने क्षमता छ।

केही दिनयता होटलहरू भरिभराउ भएका व्यवसायी अमृतमान शेरचनले बताउनुभयो। यसपालि भुरुङ–तातोपानीमा बास बस्ने आधाभन्दा बढी पर्यटक अन्नपूर्ण आधार शिविर जाने र त्यहाँबाट फर्किएकाहरू रहेका उहाँले बताउनुभयो। देशका विभिन्न ठाउँबाट आउने आन्तरिक पर्यटकहरू भुरुङ–तातोपानीमा झर्ने र त्यहाँदेखि जीप चढेर अन्नपूर्ण आधार शिविर जोड्ने पदमार्गको हुमखोला पुगेर पदयात्रा सुरु गर्ने गर्दछन्।



मुक्तिनाथमा भक्तजन :
मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका–१ मा अवस्थित मुक्तिनाथ मन्दिरमा श्रद्धालु भक्तजन। दशैंपछि मुक्तिनाथ मन्दिरमा दर्शन गर्ने भक्तजन र पर्वतीय पहाड अवलोकन गर्ने पर्यटकको संख्या बढेको छ।
तस्बिर: सुशीलबाबु थकाली / रासस

# ग्रामीण सडक सञ्चालनमा आएपछि तिहारमा गाउँलेलाई सहज

**पोखरापत्र संवाददाता**
बागलुङ, १ कार्तिक

यहाँका ग्रामीण सडक सञ्चालनमा आएपछि तिहारका बेला सर्वसाधारणलाई आवतजावत गर्न सहज भएको छ। बर्खाका कारण झण्डै चार महिनादेखि अवरुद्ध सडक अहिले आएर सञ्चालनमा आएका हुन्।

दसैँमा खुल्नुपर्ने भए पनि लामो वर्षा हुँदा सडक थप बाढीपहिरोले अवरुद्ध भएका थिए। तिहार नजिकिएसँगै ग्रामीण सडक खुलेपछि स्थानीयलाई यात्रा गर्न र सामान ढुवानी गर्न सहज भएको छ। दसैँमा बोकेरै बजारदेखि सामान गाउँ पुऱ्याएका स्थानीयले सडक खुलेपछि गाडीमा ढुवानी गर्न थालेका छन्।

असार दोस्रो सातादेखि बन्द भएका सडक खुलेपछि यात्रा गर्न र सामान ढुवानीमा सहज भएको निसीखोला गाउँपालिका–१ का कर्णबहादुर सुनारले बताउनुभयो। गत साउनमा पहिरोले सडक पुरिएपछि गाउँलेले पैदल हिँड्न र बोकेर सामान ल्याउन बाध्य भएका थिए। सुनारले भन्नुभयो, "यो वर्ष गाउँको बाटो ठाउँ–ठाउँमा पहिरोले पुरियो, दसैँमा खुल्नु पर्ने खुलेन, अहिले तिहार सुरु नहुँदै खुल्यो, दसैँमा त बजारबाट नुन, तेल र चामल बोकेर ल्यायौँ, तिहारमा चाहीँ गाडीलेनै ल्याउने भयो।" जिल्लाको सबैभन्दा विकट गाउँ नजाखानी, भत्रिवन र पाल्ले जोड्ने सडक पनि सञ्चालनमा आएका छन्।

तमानखोला गाउँपालिकाले केही दिन अगाडि मेसिन लगाएर सडकको पहिरो पन्छाएपछि सञ्चालनमा आएका हुन्। नर्जा खोलामा पानीको बाहव बढी हुँदा दसैँमा सवारीसाधन चल्न नसकेको स्थानीय विमल छन्त्यालले बताउनुभयो। अहिले खोलामा पानीको बाहव कम भएपछि गाडी चल्न थालेको छ। तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले दसैँ अगावै सबै सडक खुलाउने प्रयास गरे पनि वर्षाका कारण नसकेकामा अहिले सबै सडक खुलाएको बताउनुभयो।

गाउँपालिकाको केन्द्र बोङ्गादीभनदेखि तमान, लम्मेला हुँदै म्याग्दी जोड्ने सडक भने खुङ्खानीखोलामा पानीको बहाव नघट्दा गाडी चल्न सक्ने अवस्था नरहेको उहाँको भनाइ छ। तर तमान लाम्मेलासम्म ढोरपाटनको खुङ्खा हुँदै सवारी साधान चल्ने अध्यक्ष बुढा मगरले बताउनुभयो। निसीखोला गाउँपालिकाले पनि वडा नम्बर १ देखि ७ सम्मका अधिकांश सडक खुलाएको गाउँपालिकाले जनाएको छ। केही सडक खुलाउने क्रममै रहेको हुँदा तिहारसम्म खुलाई सक्ने गाउँपालिका अध्यक्ष सूर्यबहादुर घर्ती मगरले जानकारी दिनुभयो।

# सयपत्री फूलमा रमाइरहेका पोखरेली युवा

**वासुदेव पौडेल**
गण्डकी, १ कार्तिक

पोखरा महानगरपालिका–३३ भरतपोखरीको बागमाराका युवा युवराज आचार्यले विगत सात वर्षदेखि फूलको व्यावसायिक खेती गर्दै आउनुभएको छ।

उहाँले यस वर्ष पनि करिब पाँच रोपनी क्षेत्रफलमा तिहारका लागि सयपत्री फूल लगाउनुभएको छ। यतिखेर बारीमा ढकमक्क फूल फूलेका छन्। आचार्यले तिहारका लागि कर्मा ५५५ जातको सयपत्री फूल लगाउनुभएको छ। उहाँले सुरुमा एक रोपनी क्षेत्रफलबाट फूलखेती सुरु गरे पनि यसबीचमा सात रोपनी क्षेत्रफलसम्म फूल लगाएको अनुभव सुनाउनुभयो। पाँच रोपनी क्षेत्रफलमा फूलको खेती गर्दा करिब रु एक लाख लगानी भएको बताउँदै आचार्यले फूललाई बजारसम्म पुऱ्याउनसकेमा यसबाट राम्रै आम्दानी हुने विश्वास व्यक्त गर्नुभयो। हार्डवेयर व्यवसाय सञ्चालनसँगै आफूले फूलखेतीलाई पनि निरन्तरता दिँदै आएको उहाँले बताउनुभयो।

बागमाराकै अर्का युवा सुदनराज अधिकारीले पनि करिब डेढ रोपनी क्षेत्रफलमा सयपत्री फूलखेती गर्नुभएको छ। व्यावसायिक कृषिका विविध क्षेत्रमा सफल बन्दै आएका उहाँले पनि विगत केही वर्षयता फूलखेती गरिरहनुभएको छ। आफ्नो बारीमा करिब एक हजार २०० बोट सयपत्री फूल झपक्क फुलिसकेको बताउँदै अधिकारीले तिहारअगावै पनि चौरासीको पूजालगायत धार्मिक अनुष्ठानमा फूल बिक्रीसमेत भइसकेको जानकारी दिनुभयो। उहाँले असारको २०/२१ गते कर्मा ५५५ जातको सयपत्री फूल बीउ जमाएर साउनको १०/११ गतेतिर बिरुवा लगाएको बताउनुभयो। "बारीमा लगाएको फूल करिब १०५ दिनमा फुलिसकेको छ। यस वर्ष मौसम पनि राम्रो भएका कारण फूलको उत्पादन राम्रो भएको छ, यसबाट राम्रै आम्दानी हुने आशा छ", आचार्यले भन्नुभयो। आचार्य र अधिकारी मात्रै होइन पछिल्लो



समय पोखराका विभिन्न स्थानका युवा सयपत्री फूलको व्यावसायिक खेतीमा आकर्षित भइरहेका छन्। महानगरपालिका र अन्य स्थानीय तहको सहयोगले पनि व्यावसायिक फूलखेतीमा आकर्षण बढाएको हो। पोखरा महानगरपालिका वडा नं ३३ मा व्यावसायिक कृषिमा लाग्ने जो कोहीका लागि वडाका तर्फबाट आवश्यक साथ र सहयोग भइरहेको वडाध्यक्ष रामचन्द्र अधिकारीले बताउनुभयो। पछिल्ला वर्षमा तिहारमा मालाका लागि प्रयोग गरिने सयपत्री फूलमा पोखरा आत्मनिर्भर बन्दै गएको पोखरा महानगरपालिका कृषि विकाश शाखा प्रमुख मनहर कडरिया बताउनुहुन्छ। उहाँका अनुसार विगतमा तिहारका लागि बाहिरबाट फूल आउने गरेकामा पछिल्ला वर्षमा त्यो क्रम क्रमशः घट्दै गएको छ। पछिल्ला वर्षमा अधिकांश परिवारले घरका लागि आवश्यक फूल आफ्नै बारीमा तयार गर्ने र व्यावसायिक फूलखेती गर्नेको सङ्ख्यासमेत बढेसँगै पोखरा सयपत्री फूलमा आत्मनिर्भर बन्दै गएको हो। शाखा प्रमुख कडरियाले सयपत्री फूलप्रतिको आत्मनिर्भरता बढाउने उद्देश्यले महानगरपालिकाले विगत तीन वर्षयता फूलको बीउ वितरणलगायत कार्यमा अनुदान सहयोगसमेत गर्दै आएको बताउनुभयो। महानगरले फूलखेतीमा लाग्ने किसानलाई लक्षित गरी फूलको न्यूनतम समर्थन मूल्य तोक्नाका साथै आवश्यक अन्य सहयोग पनि प्रदान गरिरहेको उहाँले जानकारी दिनुभयो।

"यस वर्ष पोखरामा करिब ३०० रोपनी क्षेत्रफलमा तिहारका लागि सयपत्री फूलखेती गरिएको छ", कडरियाले भन्नुभयो, "विगत केही वर्षअघिसम्म तिहारका लागि आवश्यक ८० प्रतिशत फूल बाहिरबाट आउँथ्यो, अचेल यहाँ आवश्यक हुने करिब ८० प्रतिशत फूल स्थानीय उत्पादनले धानिरहेको छ।" यस वर्ष तिहारमा करिब रु चार करोडको फूलको कारोबार हुने अनुमान छ। पोखरामा मात्रै तिहारमा तीन लाख माला बिक्री हुने अनुमान गरिएको महानगरले जनाएको छ। यस वर्ष फूलको बिक्री मूल्य प्रतिकिलो रु ३०० देखि रु ४०० तथा प्रतिमाला रु १०० देखि १५० सम्म निर्धारण गरिएको छ। यस्तै, प्रतिथुङ्गा १५ देखि २० ग्रामको रु पाँच, १० देखि १५ ग्रामको रु चार र पाँचदेखि १० ग्रामको रु दुई बिक्री मूल्य निर्धारण गरिएको छ। उत्पादकलाई बिक्रीमा सहजता ल्याउने उद्देश्यले महानगरपालिकाले पोखराका विभिन्न २५ ठाउँमा बिक्रीवितरण केन्द्रसमेत निर्धारण गरेको छ।

फ्लोरिकल्चर एसोसिएसन नेपाल (फान)कास्कीका अध्यक्ष राम सुवेदीले पछिल्ला वर्षमा पोखरामा बाहिरबाट आउने गरेको फूलको आयात घटेको जानकारी दिनुभयो। महानगरपालिबाट तीन वर्षयता अनुदानका फूलको बीउ वितरणसँगै बजारीकरणमा पनि सहयोग प्राप्त भइरहेको उहाँले बताउनुभयो। "पोखरामा स्थानीय उत्पादनले पुग्ने भएकाले यहाँको उत्पादनलाई प्राथमिकता दिँदै व्यवसायलाई प्रोत्साहित गर्न आवश्यक छ", अध्यक्ष सुवेदीको आग्रह छ।

# तनहुँमा थप एक जनामा जापानिज इन्सेफलाइटिस पुष्टि

**पोखरापत्र संवाददाता**
दमौली, १ कार्तिक

यहाँ थप एक जनामा जापानिज इन्सेफलाइटिस सङ्क्रमण पुष्टि भएको छ।

व्यास नगरपालिका–७ निवासी दश वर्षीया बालिकामा जापानिज इन्सेफलाइटिस सङ्क्रमण पुष्टि भएको प्रदेश जनस्वास्थ्य कार्यालयले जनाएको छ। थप एकजनामा पुष्टि भएसँगै जिल्लामा जापानिज इन्सेफलाइटिसबाट सङ्क्रमण हुनेको सङ्ख्या तीन पुगेको छ। यसअघि गत असोज १ गते आँबुखैरेनी गाउँपालिका–१ बरादी निवासी ७१ वर्षीय पुरुष र गत भदौ १० गते भिमाद नगरपालिका–२ निवासी ८० वर्षीय पुरुषमा जापानिज इन्सेफलाइटिस सङ्क्रमण पुष्टि भएको थियो।

जापानिज इन्सेफलाइटिस सङ्क्रमण देखिएसँगै स्वास्थ्यकर्मीको टोलीले जनसमुदायस्तरमा स्वास्थ्य सचेतना कार्यक्रम गरेको प्रदेश जनस्वास्थ्य कार्यालयका सूचना अधिकारी सुदिप कँडेलले जानकारी दिनुभयो।

जापानिज इन्सेफलाइटिस लामखुट्टेको टोकाइबाट सर्ने र मस्तिष्कमा सङ्क्रमण हुने रोग हो। यसले सङ्क्रमितको स्नायु प्रणालीलाई अङ्भङ्ग बनाउनुका साथै बिरामीको मृत्युसमेत हुने स्वास्थ्यकर्मी बताउँछन्।


## श्री सैनिक अस्पताल

**पोखरा, कास्की**

## विद्युतिय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सूचना नं.** NAWF/MH/GOODS/PKR/2082/83/50
**(प्रथम पटक प्रकाशित मिति २०८२/०७/०२ गते)**

१. श्री सैनिक अस्पताल पोखराको लागि आवश्यक सरसफाई सामाग्रीहरु खरिद गर्नको लागि विद्युतिय (e-Gp System) सिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक फर्म/कम्पनीहरुले विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट https://www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | विवरण | लागत अनुमान (मु.अ.कर सहित) | जमानत रकम रु. | सिलबन्दी दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | सरसफाई सामाग्री आपुर्ति | ९,००,०८२।६७ | २२,५००।- | १,०००।- | २०८२/०७/१७ गतेको १२०० बजे | २०८२/०७/१७ गतेको १३०० बजे |

२. दरभाउपत्र दस्तुर Nepal Army Welfare Fund, Jangi Adda को नेपाल ईन्भेष्टमेण्ट मेघा बैंक नेपालको खाता नम्बर ००१०१०१०२६४१८१ मा जम्मा गर्नु हुन।

३. साथै, थप जानकारीको लागि यस अस्पतालको फोन नं.९८५६०८३८२८ र ईमेल mh-pokhara@nepalarmy.mil.np मा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ।